## आवेदन प्रक्रिया:

1. **आवश्यक कागजातहरू र जानकारी जम्मा गर्नुहोस्:** विषेश कार्यक्रमहरूमा थप आवश्यकताहरू हुन सक्छन्। कृपया सबै निर्देशनहरू पूर्ण रूपले पढ्नुहोस्।
   **हालै DeKalb County School District मा भर्ना भएको**
   - विद्यार्थीको आइडी नम्बर (7 वटा अङ्क)- रिपोर्ट कार्ड हेर्नुहोस् वा विद्यालयमा सम्पर्क गर्नुहोस्
   - अभिभावकको निजी इमेल ठेगाना

   **DeKalb County School District मा नयाँ वा फिर्ता आएको**
   - अभिभावकको निजी इमेल ठेगाना
   - निवासको प्रमाण - ग्यास, पानी, बिजुलीको बिल (अधिमतम 60 दिनको), धितो/लिज करार,
     - अभिभावकसँग माथि उल्लेख गरिएनुसार आफ्नै नाममा निवासको प्रमाण छैन भने, विद्यालय छनोटको बासस्थान प्रमाणित गर्ने फाराम आवश्यक पर्छ। फारामहरू www.dekalbschoolsga.org/school-choice/forms-and-brochures/ मा फेला पार्न सकिन्छ।
       शपथ-पत्रमा सूचीबद्ध भएका सबै कागजातहरू पेश गर्नुहोस् र स्क्यान गर्नुहोस्। **उल्लेख गरिएको भन्दा फरक कागजात बुझाएको खण्डमा आवेदन अयोग्य हुने छ।**
   - जन्मदर्ता प्रमाणपत्र वा अभिभावकत्वको प्रमाण
   - हालको विद्यालय वर्षको **फल सेमेस्टरको रिपोर्ट कार्ड**
   - M.A.P. उच्च प्राप्तकर्ताहरू म्याग्नेट कार्यक्रम सिटका लागि आवेदन गर्दा मात्र जाँच स्कोरहरूको आवश्यक पर्छ

2. **विद्यालय छनोट कार्यक्रमहरू र विद्यालयहरूको अनुसन्धान –** तपाईंको बच्चाको सिक्ने शैली, सबलपक्ष र रूचिहरूसँग कार्यक्रम मिलाउनुहोस्। www.dekalbschoolsga.org/school-choice/programs/ मा जानुहोस्

3. **यातायातका नीति बारे विचार गर्नुहोस्।**

4. **आफ्ना कार्यक्रम र विद्यालयहरू छनोट गर्नुहोस्।**

5. https://dekalbschoolsgac.scriborder.com/ **मा जानुहोस्। आवेदनका लागि "लगइन सुरु गर्नुहोस्" ट्याब चयन गर्नुहोस्।**

   - सम्पूर्ण अभिभावकहरूले नयाँ आवेदनका लागि खाता सिर्जना गर्नु पर्ने छ।
   - आफ्नो प्रोफाइलमा विद्यार्थी थप्नका लागि, निलो **एसोसिएट विद्यार्थी** ट्याबमा क्लिक गर्नुहोस्।
   - विद्यार्थीको आवेदन सुरू गर्नका लागि, हरियो आवेदन सुरु गर्नुहोस् ट्याबमा क्लिक गर्नुहोस्
   - बहु कार्यक्रमहरूका लागि आवेदन दिन, अभिभावकहरूलाई हरियो **आवेदन सुरु गर्नुहोस्** मा प्रत्येक पटक क्लिक गर्नु पर्ने छ।

6. निम्न कार्यक्रमहरूलाई अतिरिक्त आवेदन आवश्यक पर्छ जुन विद्यालयमा पेश गर्नुपर्छ।
   DeKalb हाई स्कूल अफ आर्ट्स (ग्रेड 8-12) र DeKalb एलिमेन्टरी स्कूल अफ आर्ट्स (ग्रेड 4-7) मा अडिसन आवेदकहरू अनिवार्य
   - **पहिले :** विद्यालय छनोटको अनलाइन आवेदन पेश गर्नुपर्छ।
   - **दोस्रो :** अडिसन आवेदनको प्याकेट सीधै विद्यालयमा डेलिभर गर्नुपर्छ। कृपया विवरणहरूका लागि उनीहरूको वेबसाइटमा जानुहोस्।

**IB तयारी (ग्रेड 9, 10) र IB डिप्लोमा (ग्रेड 11, 12) Tucker High वा Druid Hills High वा MLK, Jr. High Schools का आवेदकहरूले**

- **पहिले :** विद्यालय छनोटको अनलाइन आवेदन पेश गर्नुपर्छ।
- **दोस्रो :** IB आवेदनका पृष्ठहरू एउटा इमेल (ONE EMAIL) बाट प्रत्येक IB विद्यालयलाई छुट्टाछुट्टै पेश गर्नुपर्छ र शिक्षकका सिफारिसहरू अनुरोध गर्नुपर्छ। विवरणहरूका लागि विद्यालय छनोट फाराम र पुस्तिका पृष्ठमा जानुहोस्।

Arabia Mountain High School को म्याग्नेट कार्यक्रम को अतिरिक्त आवेदन तथा सिफारिसहरू भिडियो अन्तर्वार्ताको प्रश्नावली फाराममा सङ्केत गरिए अनुसार विद्यालयमा सिधैँ बुझाउनु पर्दछ ।

**DSA र DESA अडिसन, IB तयारी वा IB डिप्लोमा र Arabia Mtn HS डाउनलोड गर्न सकिनेयोग्य/सम्पादन गर्न योग्य आवेदन पृष्ठहरू** http://www.dekalbschoolsga.org/school-choice/forms-and-brochures/ **मा उपलब्ध छन्**

7. **सदस्यता स्थिति अद्यावधिक र जानकारीका लागि आफ्नो इमेल इनबक्स र आवेदन परिवार ड्यासबोर्ड** बारम्बार जाँच गर्नुपर्छ। नियमित रूपमा इमेल जाँच गर्नु र आवेदनमा लगइन गर्नु तपाईंको जिम्मेवारी हो।

8. **लोटरीको दिन (शुक्रवार, मार्च 29, 2024) , तपाईंको आवेदन परिवार ड्यासबोर्डमा लगइन गरेर आफ्नो नतिजाहरू जाँच गर्नुहोस्।** नियमित रूपमा आफ्नो इमेल र विद्यालय छनोटको ड्यासबोर्ड निरीक्षण गर्नु तपाईंको जिम्मेवारी हो।

9. **सिटहरूको 1st राउण्डको म्याद अप्रिल 15, 2024 मा समाप्त हुने छ।** ढिलो आवेदन विन्डो अप्रिल 1 - अगस्त 23, 2024 मा सुरु हुने छ। नियुक्तिका लागि अन्तिम मिति अगस्त 30, 2024 हो।

10. **आवेदक कार्यक्रममा स्वीकृत भएमा, चयन पत्रमा सूचित गरिएको अन्तिम मितिभित्र अनलाइन ड्यासबोर्डमा स्वीकार वा अस्वीकार छनोट गर्नुहोस् जुन इमेलद्वारा पठाइने छ।** सिटको प्रस्ताव स्वीकृत भएपछि, कुनै एक विद्यार्थी दुई भिन्न विद्यालय वा कार्यक्रमहरूमा भर्ना हुन नसक्ने भएकाले अन्य सबै रोजाइहरू अस्वीकृत गरिने छ। कृपया आफ्नो ड्यासबोर्ड एपबाट सिट प्लेसमेन्ट स्वीकार गर्न सेलफोनको सट्टा कम्प्युटर प्रयोग गरेको सुनिश्चित गर्नुहोस्।

11. **आफ्नो सिट सुरक्षित गर्न अन्तिम मितिभित्र विद्यालयमा आफ्नो नाम दर्ता गराउनुहोस्। अन्तिम मिति प्रत्येक विद्यालयको वेबसाइटमा सूचीबद्ध छन्। चयन पत्र वा विद्यालयको वेबसाइटमा सूचीबद्ध गरिएको अन्तिम मितिसम्म विद्यालयमा दर्ता नगर्ने कुनै पनि आवेदकका सिटहरू जफत गरिन्छ/स्वत: रद्द हुन्छ र प्रतिक्षा सूचीमा सूचीबद्ध गरिएको क्रमका आधारमा प्रतिक्षा सूचीमा गरिएका आवेदकहरूलाई दिइन्छ।** सिट अभिभावकद्वारा वा स्वत: अस्वीकार गरिसकेपछि, पुनर्स्थापनाको सम्भावना हुँदैन। विद्यालयको वेबसाइटमा रजिस्ट्रेसन मिति फेला पार्न सकिएन भने, अभिभावकले मिति पत्ता लगाउन विद्यालयमा फोन गर्नु अभिभावकको जिम्मेवारी हो।

**थप जानकारीका लागि,** कृपया विद्यालय छनोट वेबसाइट

http://www.dekalbschoolsga.org/school-choice/ मा जानुहोस्